# सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषद्बीच भएको सहमति

| मिति २०६४।१२।६ मा सम्पन्न भएको सहमति |
|---|

नेपालमा कायम रहेको सामन्ती, केन्द्रीकृत शासन सत्ता र एकात्मक राज्य संरचनाले लिम्बुवानवासी जनतालाई राज्यको मूलधारबाट पाखा लगाई शोषण, उत्पीडन गरेको र त्यसका विरुद्ध आफ्नो असन्तुष्टि जाहेर गर्दै आएको र ऐतिहासिक जनआन्दोलन २०६२/६३ को मर्म र भावनालाई सम्बोधन गर्ने गरी राज्यको पुनःसंरचना गर्ने भनिएकोमा सोही भावनालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, जातीय पहिचान सहितको अधिकार र स्वायत्तताको लागि ऐतिहासिक पृष्ठभूमिका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान स्वायत्त राज्यको माग राखी आन्दोलन गर्दै आएको सन्दर्भमा राज्यलाई पुनःसंरचना गर्दा लिम्बुवान लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित गरी शान्त, सम्वृद्ध र आधुनिक नयाँ नेपाल बनाउने प्रतिबद्धता व्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु निम्न लिखित सहमतिमा पुगेका छौं।

१. लिम्बुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनःसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरुको संवैधानिक व्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ।

२. लिम्बुवानवासी जनताले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गरेका स्व. राजकुमार आङदेम्बे (माङतोक) लाई शहीदको रुपमा सम्मान गर्दै निजको परिवारलाई रु. दश लाख क्षतिपूर्ति उपलब्ध गराइनेछ र सो क्रममा भएका क्षतिको क्षतिपूर्ति र घाइतेको उपचार गराउने व्यवस्था सरकारले गर्नेछ साथै आन्दोलनकारी माथि लगाइएका मुद्दा सरकारले तुरुन्त फिर्ता लिनेछ।

३. राज्य पुनःसंरचना आयोग निर्माण गर्दा संघीय लिम्बुवान राज्य परिषदको प्रतिनिधित्व गराइनेछ।

४. माथिका बुँदाहरुमा भएका सहमतिलाई मन्त्रिपरिषदबाट अनुमोदन गराई सार्वजनिक गरिनेछ।

५. आज भएको दुई पक्षबीचको सहमति पश्चात संघीय लिम्बुवान राज्य परिषदद्वारा संचालन गरिएका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगन गरी संविधानसभाको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन सहयोग गरिनेछ।

**संघीय लिम्बुवान राज्य परिषदका तर्फबाट**

..............................

श्री सञ्जुहाङ पालुङवा

अध्यक्ष तथा वार्ताटोली संयोजक

**सात दल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट**

..............................

श्री रामचन्द्र पौडेल

संयोजक

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com